# हरिनगर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
हरिनगरा, सुनसरी
कोशी प्रदेश, नेपाल

## आन्तरिक आय संकलन ठेक्का सम्बन्धी सार्वजनिक बढाबढको सूचना
प्रकाशित मिति २०८०/०८/१२

हरिनगर गाउँपालिकाको आन्तरिक आय बन्दोवस्त गर्न गाउँपालिकावाट स्वीकृत दर रेटमा सम्झौता मितिबाट वर्ष १ (एक) को लागि तपशिल बमोजिम ठेक्का वन्दोवस्त गर्नु पर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीवाट देहायका शर्तहरुको अधिनमा रहि सार्वजनिक बढाबढमा भाग लिन यो सूचना प्रकाशन गरिएको छ।

**शर्तहरु :**

१. सार्वजनिक डाक बढाबढ मिति २०८०/०८/१८ गते विहान ११:०० वजे देखी अपरान्ह ०२:०० वजे सम्म हरिनगर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय हरिनगरा, सुनसरीमा हुनेछ।

२. डाक बढाबढमा भाग लिने व्यक्तिले नेपाली ना.प्र.प.को प्रतिलिपि तथा PAN दर्ता प्रमाण पत्र, फर्म वा कम्पनीले फर्म इजाजत पत्रको प्रतिलिपि, आन्तरिक राजश्व कार्यालयबाट पान/भ्याटमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपी आ.व. २०७९/०८० को आयकर चुक्ता प्रमाण पत्र समेत बढाबढको समयमै पेश गर्नु पर्नेछ।

३. डाक बढाबढमा भाग लिने व्यक्ति वा निजको प्रतिनिधिले आफुले कबोल गरेको अङ्क रकमको ५ प्रतिशतले हुन आउने धरौटी रकम तत्कालै सोही वखत नगदै बुझाउने पर्नेछ।

४. ठेक्का स्वीकृत रकम देहाय बमोजिम ३ तिन किस्तामा बुझाउनु पर्नेछ। तोकिएको अवधि भित्र किस्ता रकम नबुझाएमा ठेक्का तोडी प्रचलित कानुन बमोजिम कारवाही हुनेछ।

| क्र.स. | किस्ता | बुझाउनु पर्ने रकम | रकम बुझाउनु पर्ने समयावधि |
|---|---|---|---|
| १ | प्रथम | स्वीकृत रकमको ३५ प्रतिशत | सार्वजनिक बढाबढ स्विकृत भएको जानकारी प्राप्त भएको मितिले ३ (तिन) दिन भित्र |
| २ | दोस्रो | स्वीकृत रकमको ३५ प्रतिशत | सम्झौता भएको मिति देखी ४ औं महिना भित्र |
| ३ | तेस्रो | स्वीकृत रकमको ३० प्रतिशत | सम्झौता भएको मिति देखी ८ औं महिना भित्र |

५. असुली गर्नु पर्ने करको दररेट हरिनगर गा.पा.को आर्थिक ऐन, २०८० मा उल्लेख भए बमोजिम हुनेछ।

६. यो सुचना वमोजिम बढाबढ स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा हुनेछ।

७. कर असुली गर्ने रसिदहरु ठेकेदारले आफ्नै तर्फबाट छपाई गरी यस कार्यालयबाट प्रमाणित गराई कर असुली गर्नुपर्ने छ र कर असुली सम्बन्धी सूचना पाटी ठेकेदार आफैले राख्नु पर्नेछ।

८. राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाट वा तगारो राखी कर संकलन गर्न पाईने छैन। राखेको पाइएमा नियमानुसार कारवाही गरिनेछ।

९. धरौटी वापत जम्मा गरिएको रकम ठेक्का रकममा समायोजन हुने छैन।

१०. नेपाल सरकार वा अन्य निकायलाई कानून बमोजिम तिर्नु पर्ने आयकर, दस्तुर वा रकम ठेकेदार आफैले बुझाउनु पर्नेछ।

११. ठेक्काको कर उठाउन नेपाल सरकार, प्रदेश सरकारबाट रोक लगाएमा सोही बमोजिम हुने छ।

१२. यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन र नियम बमोजिम हुनेछ।

१३. यस कार्यालयलाई रकम बुझाउनु पर्ने बाँकी बक्यौता रहेको व्यक्ति, फर्म वा कम्पनीले बाँकी बक्यौता नबुझाए सम्म यो ठेक्का प्रक्रियामा भाग लिन पाउने छैन।

१४. सार्वजनिक वढाबढ सम्वन्धि केहि कुरा वुझ्नु परेमा कार्यालय समय भित्र गाउँ कार्यपालिका कार्यालयको राजश्व इकाईमा सम्पर्क राखी वुझ्न सकिने छ।

**तपशिल**

| सि.न. | ठेक्का नं. | ठेक्काको नाम | न्युनतम ठेक अंक | ठेक्का अवधि |
|---|---|---|---|---|
| १ | हरिनगर/राजस्व/०४/०८०/०८१ | घुम्ती व्यवसाय कर | ६,००,०००।०० (छ लाख मात्र) | सम्झौता भएको मितिले १ बर्ष |